# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः६) पञ्चकन्या, माघ महिना ०९ गते, २०७९ साल (संख्याः ६**

**भाग–२**

## शिक्षका गोल्डेन ह्याण्डसेक व्यवस्थापन कार्यविधि, २०७८
## (पहिलो संसोधन २०७९)

**प्रस्तावना**

पञ्चकन्या गाउँपालिका गाउँसभाको आ.व.२०७९।०८० को नीति तथा कार्यक्रम र वजेट वक्तव्यमा समावेश गरिएको शिक्षकहरुको लागि गोल्डेन ह्याण्डसेक कार्यक्रम लाई व्यवस्थित र वैज्ञानिक तवरबाट कार्यान्वयन गर्न न्यूनतम २० वर्षको स्थायी सेवा अवधि पुरा गरिसकेका शिक्षकहरुको शिक्षाको क्षेत्रमा गरेको यागदानको उच्च कदर गर्दै स्वैच्छिक अवकासको लागि प्रोत्साहन गरी शिक्षा क्षेत्रमा युवा,प्रभावकारी एवं गुणस्तरीय शिक्षकको सुनिश्चितता गरी सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि गुणस्तरीय शिक्षाको प्रत्याभूती गर्न निवृत शिक्षकहरुको लागि गोल्डेन ह्याण्डसेक व्यवस्थापन कार्यविधि २०७८ (पहिलो संशोधन २०७९) जारी गरिएको छ।

## परिच्छेद १

### १. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

क) यो कार्यविधिको नाम पञ्चकन्या गाउँपालिकाको शिक्षक गोल्डेन ह्याण्डसेक व्यवस्थापन कार्यविधि २०७८ (पहिलो संशोधन २०७९) रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हनेछ।

### २. <u>परिभाषाः</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिका भन्नाले पञ्चकन्या गाउँपालिकालाई सम्झनुपर्छ।

ख) गाउँसभा भन्नाले पञ्चकन्या गाउँपालिकाको गाउँसभा लाई सम्झनुपर्छ।

ग) कार्यपालिका भन्नाले पञ्चकन्या गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

घ) अध्यक्ष भन्नाले पञ्चकन्या गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

ङ) कार्यालय प्रमुख भन्नाले पञ्चकन्या गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

च) कार्यविधि भन्नाले पञ्चकन्या गाउँपालिकाको शिक्षक गोल्डेन ह्याण्डसेक व्यवस्थापन कार्यविधि २०७८(पहिलो संशोधन २०७९) लाई सम्झनुपर्छ।

छ) इकाई भन्नाले शिक्षा विकास तथा समन्वय इकाईलाई सम्झनुपर्छ।

ज) शिक्षक भन्नाले आधारभूत देखि माध्यमिक तह सम्म अध्यापन गराउने र पेन्सन अवधि पूरा भएका स्थायी शिक्षकलाई सम्झनुपर्छ।

झ) गोल्डेन ह्याण्डसेक भन्नाले तोकिएको सेवा अवधि पुरा गरेका शिक्षकहरुलाई प्रदान गरिने तोकिएको रकम भन्ने सम्झनुपर्छ।

ञ) शिक्षा शाखा प्रमुख भन्नाले पञ्चकन्या गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको काम गर्न तोकिएको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ।

## परिच्छेद २
## सिफारिस समिति

३. शिक्षक गाल्डेन ह्याण्डसेक प्रदान गर्न सिफारिस गर्ने प्रयोजनका लागि तपसिल अनुसारको एक चार सदस्यीय गोल्डेन ह्याण्डसेक सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| क. गाउँपालिकाको अध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

ग. सामाजिक विकास समितिको संयोजक — सदस्य

घ. शिक्षा शाखा प्रमुख — सदस्य सचिव

४. **वैठक सम्बन्धी व्यवस्थाः** सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

५. **सिफारिस समितिका कार्यहरुः**

शिक्षकले गोल्डेन ह्याण्डसेक कार्यक्रमको लागि शिक्षा शाखा मार्फत प्राप्त निवेदनहरु उपर आवश्यक कारवाही गरी तोकिएको सुविधा प्रदान गर्न मनासिव देखिएका शिक्षकहरुको अन्तिम नामावली तयार पारी तोकिएको सुविधाको लागि सिफारिस गर्नु सिफारिस समितिको मुख्य कार्य हुनेछ ।

## परिच्छेद ३
## गोल्डेन ह्याण्डसेक प्रदान प्रक्रिया

६. गोल्डेन ह्याण्डसेक प्रदान गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

क. उल्लेखित सुविधा/रकम पाउन कम्तिमा १ वर्ष ६ महिना वा सो भन्दा वढी सेवा अवधि बाँकी रहेको हुनुपर्नेछ।

ख. स्वेच्छिक अवकास रोज्न चाहने शिक्षकले यस गा.पा. शिक्षा शाखा समक्ष विद्यालय व्यवस्थापन समितिको निर्णय सहित निवेदन दिने।

ग. शिक्षा,युवा तथा खेलकुद शाखाले प्राप्त निवेदनहरुलाई गोल्डेन ह्याण्डसेक सिफारिस समितिमा पेश गर्नेछ ।

घ. शिक्षा शाखाबाट प्राप्त निवेदनलाई अध्ययन गरि सिफारिस समितिले गोल्डेन ह्याण्डसेकको लागि शिक्षक छनौट गर्नेछ र अतिरिक्त २ जना वैकल्पिकमा राखी सिफारिस गर्नेछ।

- आवेदन संकलनको लागि ७ दिन।
- सिफारिस समितिले ७ दिन भित्रमा सिफारिस गर्ने।
- शिक्षा समितिले सिफारिस समितिबाट प्राप्त सिफारिसको रुजु गरी आवश्यक संसोधन सहित ७ दिन भित्रमा गाउँकार्यपालिका वैठकमा पेश गर्ने।
- गाउँ कार्यपालिकाको वैठकबाट अन्तिम नामावली स्वीकृती गरी प्रकाशित गर्ने।
- शिक्षा शाखाबाट स्वीकृत नामावली प्रकाशित गर्ने।
- आवश्यक कागजात सहित छनौटमा परेका शिक्षकहरुले २० दिन भित्रमा शिक्षा शाखामा पेश गर्ने।
- एक औपाचारिक कार्यक्रमका वीच सामुहिक रुपमा अभिनन्दन सहित गोल्डेन ह्याण्ड सेक को चेक सहित विदाई गर्ने।

ङ. आधारभूत तह (प्रा.शि) शिक्षक दरवन्दीबाट अनिवार्य अवकास पाउनुभन्दा १.५ देखि २ वर्ष अगावै स्वेच्छिक अवकास लिन चाहने शिक्षकलाई रु १,८०,०००।-प्रदान गरिने छ।

च. आधारभूत तह (नि.मा.शि) शिक्षक दरवन्दीबाट अनिवार्य अवकास पाउनुभन्दा १.५ देखि २ वर्ष अगावै स्वेच्छिक अवकास लिन चाहने शिक्षकलाई रु १,९०,०००।-प्रदान गरिने छ।

छ. माध्यमिक तहको शिक्षक दरवन्दीबाट अनिवार्य अवकास पाउनुभन्दा १.५ देखि २ वर्ष अगावै स्वेच्छिक अवकास लिन चाहने शिक्षकलाई रु २,००,०००।-प्रदान गरिने छ।

ज. आधारभूत तह (प्रा.शि) शिक्षक दरवन्दीबाट अनिवार्य अवकास पाउनुभन्दा २ देखि ४ वर्ष अगावै स्वेच्छिक अवकास लिन चाहने शिक्षकलाई रु २,२०,०००।-प्रदान गरिने छ।

झ. आधारभूत तह (नि.मा.शि) शिक्षक दरवन्दीबाट अनिवार्य अवकास पाउनुभन्दा २ देखि ४ वर्ष अगावै स्वेच्छिक अवकास लिन चाहने शिक्षकलाई रु २,३०,०००।-प्रदान गरिने छ।

ञ. माध्यमिक तहको  शिक्षक दरवन्दीबाट अनिवार्य अवकास पाउनुभन्दा २ देखि ४ वर्ष अगावै स्वेच्छिक अवकास लिन चाहने शिक्षकलाई रु २,४०,०००।-प्रदान गरिनेछ।

ट. ४ वर्ष भन्दा बढी सेवा अवधि बाँकी छँदै स्वेच्छिक अवकाश लिन चाहने जुनसुकै तह तथा श्रेणीका शिक्षकलाई रु २,६०,०००।- रकम प्रदान गरिनेछ।

## परिच्छेद ४
## विविध

७. **संशोधन सम्बन्धी व्यवस्थाः** यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

८. **अन्तिम निर्णयः** यस कार्यविधिमा अल्लेखित कुनै कुरामा दुविधा परेमा सो सम्बन्धी निर्णय गर्ने अन्तीम अधिकार कार्यपालिकामा निहित रहने छ।

## अनुसूची १
## आवश्यक कागजातहरु

- विद्यालय व्यवस्थापन समितिको निर्णय
- सम्बन्धित वडाको सिफरिस
- राजिनामा पत्र
- स्थायी नियुक्ति पत्र।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- शिक्षक आफैंले भरेको अनुसूची-२ बमोजिमको फाराम

**अनुसूची २**

**गोल्डेन ह्याण्डसेकको रकम माग दावी फाराम**

१.शिक्षकको नामः

२Teachers Name in Block Letter

३.स्थायी ठेगानाः

४.अस्थायी ठेगानाः

५.जन्म मिति:

६.नागरिकता प्रमाणपत्र नं.:

७.तह तथा श्रेणी:

८.कार्यरत विद्यालयको नामः

९.बाँकी सेवा अवधिः

१०.स्वेच्छिक अवकासको लागि वि.व्य.स.को निर्णय मिति

माथि उल्लेखित विवरण ठिक छ यदि झुट्टा ठहरिएमा कानून बमोजिम सहुला बुझाउला।

निवेदकको दस्तखतः

मितिः

**आज्ञाले**

**राममणि काफ्ले**

**प्रमुख प्रशासकीय अधिकृत**